एक व्यक्ति रसूल (सल्लल्लाहु अलैहि वसल्लम) कहाँ आयो र उसले कुनै विषयको बारेमा कुरा गर्यो र भन्यो: अल्लाह र तपाईले जे चाहनुहुन्छ त्यही हुनेछ । यो सुनेर नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो: "के तिमीले मलाई अल्लाहको बराबर ठहर गरेको छौ?" बरु यसो भन्नु: अल्लाहले मात्र जे चाहनुहुन्छ (त्यही हुन्छ) ।

अब्दुल्लाह बिन अब्बास (रजियल्लाहु अन्हुमा) ले बयान गरेका छन्, एक व्यक्ति रसूल (सल्लल्लाहु अलैहि वसल्लम) कहाँ आयो र उसले कुनै विषयको बारेमा कुरा गर्यो र भन्यो: अल्लाह र तपाईले जे चाहनुहुन्छ त्यही हुनेछ । यो सुनेर नबी (सल्लल्लाहु अलैहि
वसल्लम) ले भन्नुभयो: "के तिमीले मलाई अल्लाहको बराबर ठहर गरेको छौ?" बरु यसो भन्नु: अल्लाहले मात्र जे चाहनुहुन्छ (त्यही हुन्छ) ।"
[यसको सनद हसन हो] [इब्ने माजहले र निसाईले सुनन कुब्रा मा तथा अहमदले वर्णन गरेका छन्]

एक व्यक्ति रसूल (सल्लल्लाहु अलैहि वसल्लम) कहाँ आयो र उसले कुनै विषयको बारेमा कुरा गरेपछि भन्यो: "अल्लाह र तपाईंले जे चाहनुहुन्छ त्यही हुनेछ ।” नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले यो कथनको निन्दा गर्नुभयो र उनीहरूलाई बताउनुभयो कि सृष्टिको इच्छालाई अल्लाहको इच्छासँग "र" (वाव) शब्दले जोडेर भन्नु सानो शिर्क (शिर्क-ए-असघर) हो, जुन कुनै पनि मुस्लिमले भन्नु हुँदैन। त्यसपछि उहाँले: "अल्लाहले एक्लै जे चाहनुहुन्छ, त्यही हुन्छ," भन्नु पर्छ भनेर सही तरिका सिकाउनु भयो। किनभने उहाँ (अल्लाह) को चाहना सँग अरू कसैको इच्छा साथसाथै जोडनु हुँदैन।

http://www.sunnah.global/hadeeth/ne/show/5928